

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १५ गते मंगलबार ❑ 27 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रेसका अधिकारका विषयमा मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

प्रेसमैत्री आमसञ्चार विधेयक ल्याउनुपर्नेलगायत माग राखी गण्डकी प्रदेशमा क्रियाशील पत्रकार सम्बद्ध सङ्घसङ्गठनले आज गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसमक्ष चारबुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् ।

आइतबार कास्कीको धम्पुसमा बसेको प्रेस चौतारी नेपाल, नेपाल प्रेस युनियन, प्रेस सेन्टर नेपाल र समाजवादी प्रेस सङ्गठनको प्रदेश समितिका पदाधिकारीको बैठकमा भएका छलफल र निर्णयका आधारमा विभिन्न मागसहित मुख्यमन्त्रीमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराइएको हो ।

प्रदेश सरकारले प्रदेशसभामा पेस गरेको आमसञ्चार विधेयकलाई पत्रकार र मिडियामैत्री हुने गरी पारित गर्न र तत्कालै प्रेस रजिष्टारको व्यवस्था गर्न माग गरिएको प्रेस सेन्टर गण्डकी प्रदेशका महासचिव सन्तोष गौतमले जानकारी दिनुभयो । पत्रकार परिचयपत्र, नवीकरणका साथै सञ्चारमाध्यमको दर्ता र नवीकरणसमेत प्रदेश तहमै हुने व्यवस्था गर्न मुख्यमन्त्रीको ध्यानाकर्षण गराइएको उहाँको भनाइ छ । ध्यानाकर्षणपत्रमा पत्रकारको हकहित र क्षमता विकासका लागि पत्रकार महासङ्घलगायत पत्रकार सम्बद्ध सङ्घसङ्गठनलाई बजेट व्यवस्था हुनुपर्ने जनाइएको छ ।



प्रदेश सरकारले चालु आवमा सञ्चार गृहलाई दिने लोककल्याणकारी विज्ञापनको दरका वृद्धि गरेकामा धन्यवाद दिँदै सोको वितरण प्रणालीलाई चुस्त बनाउनुपर्ने माग गरिएको छ । कार्यालय खोलेर व्यवस्थितरूपमा सञ्चालन भएका र न्यूनतम पारिश्रमिक लागू गरेका सञ्चारमाध्यमलाई मात्र लोककल्याणकारी विज्ञापन दिनुपर्ने माग राखिएको नेपाल प्रेस युनियन गण्डकी प्रदेश समितिका महासचिव प्रकाश ढकालले बताउनुभयो । सरकारी कार्यालय तथा निकायबाट प्रकाशन तथा प्रसारण हुने सूचना/विज्ञापन सम्बन्धित प्रदेश तथा जिल्लाका सञ्चारमाध्यमलाई दिनुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ । ध्यानाकर्षणपत्र ग्रहण गरेपछि मुख्यमन्त्री पाण्डेले सञ्चार क्षेत्रको विकास र शसक्तीकरणका लागि प्रदेश सरकार सहयोगी बन्न तयार रहेको बताउनुभयो ।

आमसञ्चार विधेयकले सञ्चार क्षेत्र थप व्यवस्थित हुने धारणा राख्दै आगामी आर्थिक वर्षमा सञ्चारको बजेट थप वृद्धि गर्ने प्रतिबद्धता जनाउनुभयो । मुख्यमन्त्री पाण्डेले प्रदेशसभाको आगामी हिउँदे अधिवेशनबाट आमसञ्चार विधेयक पारित हुने बताउनुभयो ।

## छ वर्षमा ३५ हजार साना उद्योग थपिए

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

पछिल्ला छ वर्षमा गण्डकी प्रदेशमा ३५ हजार सात सय १६ घरेलु तथा साना उद्योग थपिएका छन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आँकडाअनुसार सोही अवधिमा ३२ हजार नौ सय ९४ व्यवसाय दर्ता भएका छन् ।

जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयमा लघु, घरेलु तथा साना उद्योग दर्ता हुने गरेको मन्त्रालयका उद्योग-वाणिज्य महाशाखा प्रमुख रामप्रसाद आचार्यले बताउनुभयो । "प्रदेश सरकार स्थापना भएयता ३५ हजार सात सय १६ घरेलु तथा साना उद्योग दर्ता भएको देखिन्छ", उहाँले भन्नुभयो, "स्वरोजगारसँगै स्थानीय बजार चलायमान बनाउन साना उद्योग तथा व्यवसायको महत्वपूर्ण योगदान छ ।"

घरेलु तथा साना उद्योगको सङ्ख्या बढ्दैमा ठूलो पुँजी लगानी र रोजगारी वृद्धि भने नहुने महाशाखा प्रमुख आचार्यले भनाइ छ । उहाँका अनुसार समयमा नवीकरण नगरेका कारण साना तथा घरेलु उद्योग खारेजीमा समेत पर्ने गरेका छन् । कतिपय सञ्चालन हुन नसकेर बन्द भएका छन् । रु १० करोडभन्दा कम स्थिर पुँजी भएका उद्योग पर्यटन तथा उद्योग कार्यालय दर्ता गराउन सकिने कानुनी व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग स्थानीय तहमै दर्ता गर्न सकिने व्यवस्था गरे पनि बैंक कर्जाका लागि उद्योग पर्यटन तथा उद्योग कार्यालयमै दर्ता हुने क्रम बढीरहेको मन्त्रालयले जनाएको छ । उद्योग स्थानीय तह वा प्रदेशका ११ वटै जिल्लामा रहेका पर्यटन तथा उद्योग कार्यालयमा दर्ता गर्न सकिने महाशाखा प्रमुख आचार्यले बताउनुभयो । घरेलु तथा साना उद्योगमा कृषि फार्म, हस्तकला, काष्ठकला, परम्परागत सीप र प्रविधिमा आधारित वस्तुको उत्पादन, फलाम या अन्य धातुबाट बनाइने घरायसी प्रयोजनका सामग्री, इँटा, माटाका भाँडाकुँडा, सिलाइ, बुनाइ, हाते कागज, मूर्तिकलालगायत पर्छन् ।

लगानी वृद्धि र रोजगार सिर्जनाका लागि ठूला उद्योगको कमी रहे पनि साना उद्योग तथा व्यवसायलाई मुलुकको अर्थतन्त्रका मूल आधार मानिन्छ । स्थानीय अर्थतन्त्रलाई चलायमान र सुदृढ बनाउन त्यस्ता उद्योग, व्यवसायको ठूलो भूमिका हुने महाशाखा प्रमुख आचार्यले बताउनुभयो । 'डिजिटल गण्डकी'को नीतिअनुरुप एक लाख आठ हजार दुई सय ५३ उद्याग तथा वाणिज्य फार्मको विद्युतीय अभिलेखन गरिएको जनाइएको छ । उद्योग तथा वाणिज्य प्रशासनमा विद्युतीय सेवा प्रवाह सुरु गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा बन्ने औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार पारी वातावरणीय अध्ययनको कामलाई अगाडि बढाएको छ । गण्डकी प्रदेश सरकारले छ वर्षअघि निर्माण घोषणा गरेका ती आयोजनाको वातावरणीय अध्ययनका लागि परामर्शदाता कम्पनी गौमुखी इन्जिनियरिङले जिम्मा पाएको महाशाखा प्रमुख आचार्यले बताउनुभयो ।

वातावरणीय प्रभाव मूल्याङ्कन नगरेसम्म औद्योगिक क्षेत्रका लागि सङ्घ सरकारबाट जग्गा उपलब्ध नहुने भएपछि वातावरणीय अध्ययनको कामलाई प्रदेश सरकारले अगाडि बढाएको हो । समयमा जग्गा व्यवस्थापन हुन नसक्दा घोषणा गरेको वर्षौं बित्दासमेत औद्योगिक क्षेत्र निर्माणको काम सुरु हुन सकेको छैन । 'एक स्थानीय तह, एक उद्योग ग्राम' अन्तर्गत गण्डकी प्रदेशका २९ स्थानीय तहमा पूर्वाधार निर्माणको काम भइरहेको छ । यसमध्ये २३ उद्योग ग्राममा प्रदेश सरकारको रु आठ करोड ५० लाख बजेट खर्च भएको जनाइएको छ ।

## जनजिबिकाका बिषय संचारकर्मीले उठाऔं – एमाले गण्डकी अध्यक्ष शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

प्रेस चौतारी गण्डकीको पाँचौ पूर्ण बैठक पोखरामा सम्पन्न भएको छ।

बैठकको ने क पा (एमाले) गण्डकी प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माले उद्घाटन गरेका थिए । शर्माले ससक्त पार्टीको लागि ससक्त सन्चार आबश्यक भएको भन्दै सबै प्रेस चौतारीका सदस्यहरू ब्यक्तिगत संगै संस्थागत शसक्तिकरणमा लाग्न आग्रह गरे । शर्माले सबै क्षेत्रले जनताले अनुभुती गर्ने गरि काम गर्नु पर्ने भन्दै जनताको दैनिक जनजिबिकाको बिषयलाई सम्बोधन गर्ने बाताबरण मिलाउन आग्रह गरे। ने क पा (एमाले) गण्डकी प्रदेश कमिटीका उप सचिब एबम प्रकाशन तथा प्रकाशन बिभाग प्रमुख मन्जु अधिकारीले पार्टीको निति सिद्धान्त र कार्यक्रम जनताका बिच लैजाने संचारकर्मीहरू अझै घनिभुत ढंगले सक्रिय रूपले अगाडी आग्रह गरिन । अधिकारीले बिकृती र बिसङ्गतिको बिरुद्ध निर्धक्कसंग कलम र आवाज मुखरित गर्न आग्रह गरिन । कार्यक्रममा ने क पा (एमाले) केन्द्रिय प्रचार तथा प्रकाशन बिभाग सदस्य रामकृष्ण ज्ञवाली, प्रेस स्वतन्त्रता सेनानी बद्री बिनोद प्रतीक, प्रेस चौतारी नेपाल केन्द्रिय कमिटी सचिब तथा गण्डकी प्रदेश इन्चार्ज सुश्मा पौडेल, प्रेस चौतारी नेपाल केन्द्रिय लेखा आयोग उपाध्यक्ष रामजी प्रसाद लम्साल, प्रेस चौतारी नेपाल केन्द्रिय अनुशासन आयोग उपाध्यक्ष श्यामनाथ कुबर, प्रेस चौतारी कास्कीका कार्यबाहक अध्यक्ष मोतिसागर अधिकारी, लमजुङ अध्यक्ष कृष्ण आले, बागलुङ अध्यक्ष सृजना पन्त, म्याग्दी अध्यक्ष प्रताप बानियाँ, स्याङ्जा अध्यक्ष सुशील सुबेदी, पर्बतबाट सृजना बराल, गोर्खा जिल्ला इन्चार्ज किरण लोहनी ,मुस्ताङ इन्चार्ज तिलक बि.क.सहितले मन्तव्य व्यक्त गरेका थिए । बैठकले संगठन मजबुतिकरणका लागि विभिन्न महत्त्वपूर्ण निर्णय गरेको अध्यक्ष इन्द्र पौडेलले जानकारी दिए। प्रेस चौतारी गण्डकीका अध्यक्ष इन्द्र प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न बैठकमा उपाध्यक्ष उमाकान्त शर्माले स्वागत र महासचिव आश गुरुङले संचालन गरेका थिए ।




## राष्ट्र बैंकले बैंकिङ क्षेत्र ढल्न दिँदैन : गभर्नर अधिकारी

**रासस**
काठमाडौं, १४ फागुन

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्र बैंकको नियामकीय अधिकारभित्र रहेका बैंक तथा वित्तीय संस्थामा समस्या आउन नदिने बताउनुभएको छ।

नेपाल बैंकर्स सङ्घले सोमबार यहाँ आयोजना गरेको सञ्चारकर्मीसँगको छलफलका क्रममा गभर्नर अधिकारीले बलियो नियामकीय संरचना र वित्तीय आधार भएका कारण कुनै पनि संस्था नडुब्ने दाबी गर्नुभयो । "राष्ट्र बैंकले कुनै संस्थालाई ढल्न दिँदैन। बैंक वित्तीय संस्था फेल हुने अवस्थामा छैनन् ।

साना संस्थामा केही समस्या आउनसक्छ । तर सर्वसाधारणको बचत रकम कुनै पनि हातलमा डुब्दैन", गभर्नर अधिकारीले भन्नुभयो, "राष्ट्र बैंकले नियमन गरेका संस्थाहरु सजिलै डुब्दैनन् । हाम्रो प्रणाली धेरै हदसम्म राम्रो छ। हामीले लिएका नीति राम्रा छन् । बैंकहरुको खराब कर्जा केही प्रतिशत बढ्यो भन्दैमा समस्या हुँदैन। कर्जाको प्रोभिजनिङ निकै राम्रो छ।"

अहिले बैंकहरुले नाफा खोज्ने नभई आफू कसरी सुरक्षित रुपमा चलिरहने भनेर सोच्नुपर्ने पनि गभर्नर अधिकारीले बताउनुभयो । पछिल्लो समय बैंक तथा वित्तीय संस्थालाई लक्षित गरी भइरहेका नकारात्मक प्रचारबाजीले पनि समस्या सिर्जना गरेको उहाँले दाबी गर्नुभयो। "लाभांश कम लिनुस तर संस्था चल्नुपर्छ। बैंक तथा वित्तीय संस्थालाई बलियो बनाउनकै लागि मर्जरको नीति लिइएको हो", उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्था भनेको संवेदनशील क्षेत्र हो । तर हाम्रो समाज र अहिलेकाले बैंकिङ क्षेत्र नै नबुझी गाली गर्ने चलन छ ।" एउटा बैंकमा समस्या आउँदा अर्को बैंक खुसी हुने खराब प्रवृत्तिले भोलिका दिनमा समग्र बैंकिङ क्षेत्रलाई नै समस्यामा पार्नसक्ने भएकाले सबैले मिलेर अहिलेको समस्या समाधान गर्नतर्फ केन्द्रित हुनुपर्नेमा अधिकारीले जोड दिनुभयो।

समग्र अर्थतन्त्रमा देखिएको शिथिलताको असर बैंक तथा वित्तीय संस्थाको वित्तीय स्वास्थ्यमा परेको भएपनि उनीहरु डुब्ने अवस्थामा भने नपुगेको गभर्नर अधिकारीले स्पष्ट पार्नुभयो। कोभिड महामारीयताका ठूलो रकम कर्जा प्रवाह भएको र उक्त कर्जा नउठ्दा बैंकहरु थप कर्जा दिन नसक्ने अवस्थामा पुगेको उहाँको भनाइ छ । ठूलो रकममा कर्जा लिएका ऋणीहरुले आफ्नो व्यवसायबाट लक्षित नाफा लिन नसक्दा पनि साँवा ब्याज तिर्न मुस्किल भएको उहाँले बताउनुभयो। कोभिड महामारीका कारण नेपाल मात्र होइन विश्वभर नै आर्थिक वृद्धिदर घट्ने र मुद्रास्फीति बढेको देखिएकोमा अहिले बिस्तारै सुधार हुँदै गएको पनि गभर्नर अधिकारीले उल्लेख गर्नुभयो । विगतमा बैंकहरुले धेरै सोचबिचारबिनै ठूलो रकम कर्जा प्रवाह गरेको र ऋणीहरुले पनि आफ्नो तिर्न सक्ने क्षमता विश्लेषण बिनै ऋण लिएको उहाँको भनाइ छ । "आफ्नो क्षमता अनुसारको ऋण लिएको भए अहिले समस्या हुँदैनथ्यो । उहाँहरूलाई समस्या पर्नुमा हामी पनि दोषी छौं", गभर्नर अधिकारीले भन्नुभयो । सहकारी क्षेत्र समस्यामा पर्दा त्यसको असर बैंकिङ क्षेत्रमासमेत परेको उहाँले बतानुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा कप क्रिकेट: सेमिफाइनल समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन



एक्सपर्ट एजुकेशन पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ।

पोखरा रंगशालाको क्रिकेट मैदानमा जारी प्रतियोगितामा मदरल्याण्ड मावी, प्रतिभा मावी, गण्डकी बोर्डिङ स्कुल र अमरसिंह मावि सेमिफाइनल प्रवेश गरेका हुन्। बि-बग इभेन्ट्सको आयोजना र एक्स्पर्ट एजुकेसन एण्डा भिसा सर्भिस पोखराको प्रायोजनमा भएको प्रतियोगितामा सेमिफाइनल खेल मंगलबार हुनेछ । पहिलो सेमिफानइलम मदरल्यान्ड र प्रतिभा मावीबिच प्रतिस्पर्धा हुनेछ । दोस्रो सेमिफाइलनमा गण्डकी बोर्डिङ र अंमरसिंह मावि भिड्नेछन् । सेमिफाइनल खेलका विजेताले बुधबार उपाधि भिडन्त तय गर्नेछन् । सोमबार भएको खेलमा प्रतिभा माविले कुमुदिनी होम्सलाई ९ विकेटले पराजित गर्दै सेमिफाइनल स्थान सुरक्षित गरेको हो।

अंमरसिंहले नेपाल भारतमैत्री विद्यालयलाई ६८ रनले पराजित गर्दै सेमिफाइलनमा प्रवेश गर्‍यो। मदरल्यान्ड र गण्डकी बोर्डिङ यसअघि नै सेमिफाइलन प्रवेश गरिसकेका थिए। पहिलो खेलमा कुमुदिनीले दिएको ३६ रनले लक्ष्य प्रतिभाले २ ओभर १ बलमा १ विकेट गुमाएर पूरा गर्‍यो। प्रतिभाका लागि रोशन पौडेल, निश्चल श्रेष्ठले ९/९ र बब्लु शाहले ६ रन बनाए। बलिङमा कुमुदिनीका लक्की गुप्ताले एक विकेट लिए। यसअघि पहिला ब्याटिङ गरेको कुमुदिनी ९ ओभर ४ बलमा ३५ रनमा समेटिएको थियो।

कुमुदिनीका कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। बलिङमा प्रतिभाका सन्देश गिरीले सर्वाधिक ५ विकेट लिए। सन्देश प्लेयर अफ द म्याच घोषित भए। दोस्रो खेलमा अंमरसिंहले दिएको १०५ रनको विजयी लक्ष्य पछ्याएको नेपाल भारतमैत्री मात्र ३६ रनमा समेटियो । अंमरसिंहका बलरसामु नेपाल भारतमैत्रीका लागि कुनै पनि ब्याटर जमेर खेल्न सकेनन् । अंमरसिंहका सत्कार चालिसे, कृतज्ञ अधिकारी, प्रसन्न भण्डारी र कल्यान कुमालले २/२ विकेट लिए।

यसअघि पहिला ब्याटिङ गरेको अंमरसिंहले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १०४ रन बनाएको थियो । अंमरसिंहका बिमोचन सापकोटाले सर्वाधिक ३० रन जोडेका थिए। बलिङमा नेपाल भारतमैत्रीका लागि अलोक गुप्ताले ३ विकेट लिए। सुमन पन्त प्लेयर अफ द म्याच चुनिए। प्रतियोगितामा कास्कीका १२ विद्यालयले सहभागी थिए। उपाधि विजेताले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किट प्राप्त गर्नेछन् । उपविजेताले ४० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझाउनेछन्।

# आसाम निवासी साहित्यकार पोखरामा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन




साहित्यकार नीता गुरुङ भाटिया पोखरामा एक समारोहबीच सम्मानित भएकी छन्।

आसाम भारतको माउ संस्था आसाम गोर्खा सम्मेलन कामरूपकी उपाध्यक्ष तथा अ.ने.सा.स भारत असम गुवाहाटी शाखाकी सचिव नीता गुरुङ भाटियालाई पोखरामा सङ्घर्षमा कलमले सम्मान गरेको हो । सोही समारोहबीच उनको मुक्तकसङ्ग्रह मुटुदेखि मुटुसम्म लोकार्पण तथा स्रष्टा साक्षात्कारसमेत गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त तथा क्रान्तिधरा साहित्य अकादमी मेरठ भारतका अध्यक्ष डा विजय पंडित, गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खडका बिखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्रा.डा. दीलबहादुर क्षत्री, शिक्षासेवी शेरबहादुर गुरुङ, समाजसेवी क्या. एल.पी. गुरुङ, जनकविकेशरी धर्मराज सावित्री प्रतिष्ठानका अध्यक्ष मदनराज थापालगायतले सम्मान अर्पणसहित कृतिको लोकार्पण तथा गरे । सरुभक्तले नेपाली साहित्यको श्रीवृद्धिमा घरदेश तथा परदेशमा क्रियाशील स्रष्टा साधकको योगदान अतुलनीय रहेको बताए । उनले मुक्तकको सहर पोखरामा नेपाली भाषी असमी साहित्यकारको कृति लोकार्पण हुनु गौरवको कुरा रहेको बताउँदै गुरुङले लेखन यात्राको सफलताको शुभेच्छा व्यक्त गरे।

क्रान्तिधरा साहित्य अकादमी मेरठ भारतका अध्यक्ष डा. विजय पंडितले आफू बुद्ध, राम र भृकुटीको भूमिमा नेपाल-भारतको साहित्यिक तथा सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउन निरन्तर क्रियाशील रहेको बताए। उनले नेपाल-भारत साहित्य महोत्सव नै मुटुदेखि मुटुसम्म पोखरा लोकार्पणको सेतु बनेर आएको देख्दा पाउँदा आफूलाई निकै खुसी लागेको धारणा राखे। गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले स्रष्टा साधक सदा विष पिएर अमृत बगाउन तल्लीन रहेको बताए। पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकालले नेपाली भाषी स्रष्टा साधकको कृति पोखरामा लोकार्पण हुनु आफैँमा गौरवको विषय भएको बताए। पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्रा.डा. दीलबहादुर क्षत्रीले घरदेश र परदेशलाई जोड्ने सेतु नै भाषा साहित्य रहेको धारणा व्यक्त गरे।

अनेसास गण्डकीका संस्थापक अध्यक्ष दुर्गाबहादुर शाह बाबाले स्रष्टा साधक जहाँको जसरी भेट भए पनि त्यसको करदका लागि कञ्जुस्याइ गर्न नहुने धारणा राखे । उनले स्रष्टा साधकका लागि कृति लोकार्पण तथा सम्मान समारोह सदा प्रेरणाका श्रोत बनेर बस्ने पनि बताए । मुक्तक मञ्च पोखराका संस्थापक गोविन्द गिरीले पोखराको साहित्यिक श्रीवृद्धिमा विधागत र अन्य संस्थागत गतिविधिबाट आफू पुलकित भएको बताए । उनले मुक्तक मञ्च स्थापना कालदेखि विविध गतिविधि सञ्चालन गर्दै आएकोसङ्घर्षमा कलमको कार्यक्रममा सहभागी हुन पाउँदा निकै खुसी लागेको बताए। स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले आफूलाई स्रष्टा साधक ठान्नेहरूमा देखिने कुष्ठा, आत्मश्लाघा र अहम्ले वाङ्मयिक धरातल समृद्ध हुन नसक्नेमा चिन्ता व्यक्त गरे।

स्रष्टा नीता गुरुङ भाटियाले नेपाल भारत साहित्य महोत्सव नै आफ्ना लागि पोखरामा कृति लोकार्पण र सम्मान ग्रहणको सुनौलो अवसर बनेको बताइन् । उनले पोखरेलीले देखाएको सद्भाव र स्नेहले थप जिम्मेवारी बोधका साथ अगाडि बढ्न प्रेरणा मिलेको धारणा राखिन्।

समारोहमा अनेसास नेपाल च्याप्टर सदस्य ऋषभदेव घिमिरे, गण्डकी साहित्य संगमका अध्यक्ष भीम रानाभाट, शिक्षासेवी शेरबहादुर गुरुङ, समाजसेवी क्याप्टेर एल.पी. गुरुङ, कृष्ण रानाभाट सारथिले नीताका विविध साहित्यिक र सांगीतिक यात्रा बारे प्रकाश पारेका थिए।

# पोखरामा नाटक 'रिफण्ड' मञ्चन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन



सोमबारबाट पोखरामा नाटक 'रिफण्ड' मञ्चन सुरु भएको छ । हङ्गेरियन लेखक फ्रिज क्यारेन्थिले सन् १९३८ मा लेखेको यो नाटकलाई नारायण न्यौपानेले नेपालीमा अनुवाद गरेका हुन् । परिवर्तनको निर्देशनमा मञ्चन सुरु भएको नाटक बुकिङ शो मार्फत फागुन ३० गतेसम्म हेर्न पाइनेछ। कक्षा ११ को अनिवार्य अंग्रेजी विषयमा समावेश गरिएको यो नाटक विद्यार्थी, शिक्षक, अभिभावक सहित नाटकपारखीका लागि उपयुक्त हुने जनाएको छ।


पोखरा थिएटरको प्रस्तुतीमा निर्माण भएको नाटक पहिलो दिन सोमबार गन्धर्व नाटकघरमा दुई शो मार्फत मञ्चन भएको छ। पहिलो शो पोखरा आर्दश माविका विद्यार्थीलाई देखाइएको थियो । उनीहरुले नाटकमा कलाकारले गरेको अभिनयको प्रशंसा गरे । दोस्रो शो मार्फत पोखराका विभिन्न विद्यालयमा अध्यापनरत शिक्षक तथा सञ्चारकर्मीलाई देखाइयो। नाटकलाई थप परिमार्जन गर्न र विद्यार्थीलाई नाटक हेर्न उत्पेरित गर्ने उद्धेश्यले यो शो मार्फत मञ्चन गरिएको थियो । मञ्चन पश्चात नाटकलाई थप परिपक्क र आर्कषक बनाउन मञ्चन पश्चात अन्तरक्रिया समेत आयोजना गरियो। सहभागीले सम्रग विषयवस्तु नाटक टीमले गरेको मेहनतको खुलेर तारिफ गरे । नाटकले दिएको सन्देश, प्रस्तुती, विषयवस्तु, प्रयोग गरिएका सामाग्री समेतको बारेमा दर्शकले आ-आफ्नो धारणा राख्दै नाटकलाई थप आर्कषित बनाउनका लागि गर्न सकिने सुझाब समेत राखे। उनीहरुले कक्षा ११ मा अध्ययनरत विद्यार्थीको दृष्टिकोण र अपेक्षालाई आधार मान्दै सुझाब दिएका थिए। नाटक विद्यार्थीको लागि उपयुक्त बनाउनका लागि नै मञ्चन गर्न लागिएको कारण यसरी सुझाब मागेर परिमार्जन गर्न खोजिएको निर्देशक परिवर्तनले खुलाए। उनीहरुका सुझाब सुनेपछि आएका केही सुझाबलाई सम्बोधन गर्ने प्रतिवद्धता निर्देशक परिवर्तनले जनाए । उनले नयाँ पुस्तामाझ नाटकलाई पुर्‍याउनका लागि पाठ्यक्रममा समावेश गरिएको विषयवस्तुमा नाटक मञ्चन गर्न थालिएको र त्यसले नयाँ पुस्तालाई नाटक प्रतिको आर्कषण बढाउन सफल भएको समेत बताए । यस अगाडि विद्यार्थीलाई लक्षित गरेर मञ्चन भएका एक चिहान, दुई नाटक, करेसा कर्न्सट लगायतलाई समेत विद्यार्थीले रुचाएको उनको भनाई थियो। निर्देशक परिवर्तनले कमेडी जनरामा निर्माण भएको यो नाटकले सन्देश समेत बोकेकाले सबै दर्शकको लागि उपयुक्त भएको बताए । ४० मिनेट अवधिको नाटकले घोकन्ते शिक्षा भन्दा व्यवहारीक र सिपमुलक शिक्षामा जोड दिएको छ । नाटकले हाम्रो शिक्षा प्रणालीबारेमा बहस गर्दै सुधार गर्न सघाउने उनको विश्वास छ। नाटकमा रमेश बाबु तिमल्सिना, धनकाजी श्रेष्ठ, मिलन श्रेष्ठ, रोहीत पौडेल, आदित्य सुनार, ज्योती हमाल, सुसन पौडेल, रोशनी रामदामको अभिनय हेर्न पाइन्छ । उनीहरुले आफ्नो भूमिकालाई न्याय गर्दै दर्शकको ध्यान तान्न सफल भएका छन् । नाटकलाई धेरैं दर्शकमाझ आर्कषक शैलीमा पुर्‍याउनका लागि प्रकाश संयोजनमा मिलन श्रेष्ठ, ध्वनी संयोजनमा रोहित पौडेल, प्रचारप्रसारमा प्रथम श्रेष्ठ, स्टेज निर्माणमा विकास अधिकारी, बक्स अफिसमा सुभेक्षा शर्मा, डिजाइनमा अनिषा खरेल र बजार व्यस्थापकमा रहेर प्रकाश पराजुलीले साथ दिएको थिएटरले जनाएको छ। सबै टीमको मेहनतका र नाटकप्रेमीको मायाको कारण मञ्चन सफल हुने अपेक्षा गरेको थिएटरका संस्थापक सदस्य दील प्रसाद गुरुङले बताए। बुकिङ शो मार्फत बिहान, दिउँसो र साँझमा नाटक मञ्चन हुनेछ । खुल्ला शो मार्फत भने नाटक फागुन २६ देखि ३० सम्म साझँ ५ बजे हेर्न पाइनेछ। नाटक हेर्न विद्यार्थीको लागि २ सय र अन्यको लागि तीन सय र पाँच सय रुपैयाँ शुल्क लाग्नेछ। नाटक हेर्न इच्छुक विद्यालय तथा समुहगत दर्शकको लागि शो बुकिङ भैरहेको पोखरा थिएटरले जनाएको छ।

नाटक मञ्चनलाई व्यवस्थित बनाउन मिडिया पार्टनरको रुपमा पब्लिक फोर के टेलिभिजन र इन्टरनेट पार्टनरको रुपमा वल्ड लिंकले सघाएकाछन् । पछिल्लो समयमा नाटकप्रति स्कुलमा अध्ययनरत विद्यार्थीको आर्कषण समेत बढेको छ । पोखरा थिएटरको संयोजनमा पोखराका १७ विद्यालयमा नाटकको कक्षा समेत सञ्चालन भैरहेको थिएटरका अध्यक्ष समेत रहेका परिवर्तनले खुलाए।

थिएटरले निरन्तर आयोजना गरिरहेको विद्यालय नाटक महोत्सवले समेतले पोखरा तथा समग्र गण्डकी प्रदेशका विद्यालयमा नाट्य गतिविधि बढाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ।

# गायक तथा संगीतकार आचार्यको निधन

**रासस**
काठमाडौं, १४ फागुन



वरिष्ठ गायक तथा सङ्गीतकार भक्तराज आचार्यको निधन भएको छ। भजन शिरोमणिसमेत उपाधि पाउनुभएका उहाँको सोमबार अपराह्न ८२ वर्षको उमेरमा निधन भएको हो।

वरिष्ठ गायक तथा सङ्गीतकार आचार्यलाई उपचारका लागि ललितपुरको मेडिसिटी अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको सङ्गीतकार चेतन सापकोटाले जानकारी दिनुभयो। अचानक अक्सिजनको मात्रा घटेपछि उहाँलाई अस्पताल लगिँदै थियो।


आचार्यले मुटु जलिरहेछ, जति चोट दिन्छौं, जहाँ छन् बुद्धका आँखा, हजार सपनाहरूको, माया मेरी साँझ बिहान, हजार आँखा हेर्नेलगायत करिब चार सय गीतमा आवाज दिनुभएको छ। गायक आचार्यको पार्थिव शरीरलाई मङ्गलबार बिहान ९ बजे सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको परिसरमा अन्तिम श्रद्धाञ्जलिका लागि राखिने सङ्गीतकार सापकोटाले बताउनुभयो।

गायक आचार्यका दुई छोरा सत्यराज र स्वरूपराज पनि साङ्गीतिक क्षेत्रमै क्रियाशिल हुनुहुन्छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# समृद्धिका सारथीको स्मरण

कास्कीका जनतले निर्वाचित प्रतिनिधि, नेकपाले युवा नेता रवीन्द्र अधिकारीलाई गुमाएको पाँच वर्ष पुगेको छ । नयाँ विमानस्थल निर्माणको काममा लागेको बेला हेलिकप्टर दुर्घटनामा परेर विकासप्रेमी नेताको निघन भएको अवधि छोटो जस्तो देखिए पनि उनले गरेको कामले धेरैलाई स्मरण गराईरहेको छ । एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हुँदा मन्त्री अधिकारीसहित हेलिकप्टरमा सवार ७ जनाको मृत्यू भएको थियो । पर्यटनमन्त्री अधिकारीका साथ उनका अंगरक्षक अर्जुन घिमिरे, प्रधानमन्त्रीका स्वकीय सचिव युवराज दाहाल, यति एयरका मालिक आङछिरिङ शेर्पा, नागरिक उड्यन प्राधिकरणमा उपमहानिर्देशक बिरेन्द्रकुमार श्रेष्ठ, प्राधिकरणकै निर्देशक ध्रुव दास, र चालक प्रभाकर श्रेष्ठ रहेका थिए ।

ताप्लेजुङको फुङलिङ नगरपालिका-१० सिस्ने भन्ने ठाउँमा हेलिकप्टर दुर्घटना भएको थियो । छानबिन समितिले दुर्घटनाको कारण चालक र अन्य यात्रुलाई औल्याएको छ । देशको समृद्धिको नारा बोकेको देशकै चर्चित पृथ्वीनारायण क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सभापति बनेर नेतृत्वको क्षमता देखाएका कारण २०५३ सालमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस किर्तिपुरमा स्ववियु सभापतिमा निर्वाचित भएका थिए । २०५६ सालमा अनेर स्ववियुका केन्द्रीय अध्यक्ष भएका अधिकारी कै पालामा विद्यार्थीले सार्वजनिक यातायातमा ४५ प्रतिशत छुट, साहाज्यादा पारस बिरुद्ध हस्ताक्षर संकलन, कालापानी मार्च गरेर लोकप्रिय काम गरेका थिए । अहिलेको प्रतिनिधी सभामा विद्यालाई जिताएर रबीन्द्रलाई लगाएका आरोप जनताले खारेज गरिदिएका छन । उनको योजना कार्यान्वयन गर्न विद्यालाई जिताएका हुन । ०६२/६३ को अन्दोलन र त्यस अगाडिको प्रतिगमन बिरुद्धको आन्दोलनमा पटक-पटक गरी पाँच महिना जेल बसेका उनी पार्टीको राष्ट्रिय परिषद् सदस्य, हुदै केन्द्रीय सदस्य बनेर नेतृत्वमा छाएका थिए ।

२०६४ देखि २०७० सालसम्म निरन्तर संविधानसभा सदस्यमा प्रत्यक्षतर्फ कास्की क्षेत्र नं ३ बाट निर्वाचित भएपछि संसदमा सक्रिय भूमिका निर्वाह गरेका थिए । सार्वजनिक लेखा र विकास समितिको सभापति रहेर खेलेको भूमिकाकै कारण उनलाई राष्ट्रिय राजनीतिको केन्द्र भागमा ल्याएको हो । २०७४ सालको संघीय संसदमा कास्की क्षेत्र नं २ बाट निर्वाचित भएपछि अधिकारी, नेपाल सरकारको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बनेर कास्की र गण्डकी प्रदेशले कहिल्यै नर्बिसने छाप छोडेका छन् । उनको योगदानलाई चिरस्थायी बनाउन रबिन्द्र अधिकारी स्मृति प्रतिष्ठान गठन भएको छ । पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको प्रतिष्ठानले रचनात्मक काम गर्नुपर्ने मार्गचित्र ल्याएको छ । रबीन्द्रले सधै विकास र समृद्धिमा जोड दिए । त्यसैमा दत्तचित्त भएर लागे कसैप्रति आग्रह पूर्वाग्रह राखेनन् । दाउपेचको राजनीति गरेनन् ।

सरकारमा रहेको बेला पनि दाउपेचको राजनीति र अस्थीरता निम्त्याउने काम गर्नेहरु रबीन्द्रका विरुद्ध कसरी लागेका रहेछन् भन्ने खुल्दै गएको छ । रबीन्द्रले षड्यन्त्रको जालो तोड्दै जनतासँग घुलमिल हुने, सबैसँग नम्रता देखाउने, विकास निमार्णका काममा लगनशिलता र पार्टीप्रति प्रतिबद्ध रहे । नेतृत्वलाई अपदस्त गर्न खोज्ने प्रवृत्तिको सधैं प्रतिवाद गरे । रवीन्द्र स्मृति प्रतिष्ठान षड्यन्त्र, तिगडम र अनैतिक कार्यका विरुद्ध विकास समृद्धि र स्थिरताका पक्षमा पैरवी गर्नुपर्दछ । नेकपालाई विभाजित गरेर राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाउने, विदेशी प्रभाव बढाउने प्रवृत्ति र पात्रका विरोधमा नेपाली जनतालाई सचेत पार्ने काम भएमा रवीन्द्रले राखेको सोच र हिडेको बाटो पक्षाउनु अहिलेका लागि उपयुक्त हुनेछ ।

# 'ए' ग्रेडका खेलाडीले मासिक तलब एक लाख पाउने

**रासस**
काठमाडौं, १४ फागुन

नेपाल क्रिकेट सङ्घ (क्यान) ले 'ए' ग्रेड मा पर्ने पुरुष खेलाडीलाई मासिक तलब रु एक लाख दिने निर्णय गरेको छ । यही फागुन १२ र १४ गते बसेको क्यानको केन्द्रीय कार्यसमितिको बोर्ड बैठकले पुरुषतर्फ 'ए' ग्रेडमा पर्ने खेलाडीलाई मासिक रु एक लाख तलब दिने निर्णय गरेको हो । 'ए' ग्रेडमा छ जना खेलाडी पर्न सफल भएका छन् ।

बैठकले पुरुषतर्फ 'बी' ग्रेडमा पर्ने खेलाडीलाई रु ७० हजार, 'सी' ग्रेडलाई रु ५५ हजार, 'डी' ग्रेडलाई रु ३५ हजार तथा इमर्जिङ समूहमा पर्नेलाई रु २५ हजार प्रदान गर्ने निर्णय गरेको हो । 'ए' ग्रेडमा राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलसहित सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख र कुशल भुर्तेल छन् । त्यसैगरी ग्रेड 'बी'मा कुशल मल्ल, गुलशन झा, भीम सार्की, ललित नारायण राजवंशी र अभिनाश बोहोरा छन् । ग्रेड 'सि'मा विनोद भण्डारी, अर्जुन साउद, सन्दीप जोरा र प्रतिश जिसी छन् ।

ग्रेड 'डी'मा पवन सर्राफ, सागर ढकाल, अनिल शाह, विवेककुमार यादव, आकाश चन्द, बसिर अहमद र सूर्य तामाङ छन् भने इमर्जिङ समूहमा दीपेश कँडेल, रुपेश सिंह, रिजन ढकाल, विपिन खत्री, देव खनाल, अर्जुन घर्ती र हेमन्त धामी छन् ।

महिलातर्फको ग्रेड 'ए'मा इन्दु वर्मा, रुबिना क्षेत्री र सिता रानामगर छन् भने ग्रेड 'बी'मा कविता कुँवर, ग्रेड 'सी'मा पुजा महतो र अश्मिना कर्माचार्य छन् । त्यसैगरी ग्रेड 'डी'मा अप्सरी बेगम, कविता जोशी, सङ्गीता राई, काजोल श्रेष्ठ र बिन्दु रावल छन् । इमर्जीङमा सोनी पाखिन, खुसी डङगोल, ज्योत्स्निका मरासिनी, कन्चन श्रेष्ठ, रुबी पोदार, सृष्टि जैशी, सम्झना खड्का र सना प्रविन छन् । महिलातर्फको 'ए' ग्रेडका पर्ने खेलाडीलाई रु ५० हजार प्रदान गरिनेछ भने 'बी' ग्रेडलाई रु ३५ हजार, 'सी' लाई रु ३० हजार, 'डी' लाई रु २५ हजार तथा इमर्जिङ समूहलाई रु २० हजार प्रदान गर्ने बैठकले निर्णय गरेको छ ।

# लोसपाले मुलुकलाई निकास दिन नसकेपछि पार्टी परित्याग गरें : वरिष्ठ नेता महतो

**रासस**
काठमाडौं, १४ फागुन

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले पार्टी परित्यागको घोषणा गर्नुभएको छ ।

वरिष्ठ नेता महतोले आज यहाँ पत्रकार सम्मेलन गरी औपचारि करुपमा सो पार्टी परित्यागको घोषणा गर्नुभएको हो । पार्टी परित्यागसँगै उहाँले 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियानको घोषणा पनि गर्नुभएको छ । केही समयदेखि लोसपा नेतृत्वसँग असन्तुष्ट रहँदै आउनुभएका नेता महतोले पत्रकार सम्मेलनमार्फत पार्टी परित्यागसहित औपचारि करुपमा 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियानको घोषणा पनि गर्नुभएको थियो । नेता महतोले आफूले आज घोषणा गरेको अभियान, सङ्घर्ष र विद्रोहका रुपमा अगाडि बढ्ने पनि बताउनुभयो । आफूले लोसपा परित्याग गरे पनि उक्त क्रान्तिमार्फत सक्रिय रहने उहाँको भनाइ थियो । पार्टी परित्याग गर्नुपर्ने कारणबारे उहाँले भन्नुभयो, "जुन आशा र अपेक्षाअनुसार हामीले लोसपाको विकास गर्न खोजेका थियौँ, त्यसरी सो पार्टीले मुलुकलाई निकास दिनसक्ने अवस्था देखिएन । मधेस र समग्र देशका नागरिकका अपेक्षाअनुसार सो पार्टीले काम गर्न सकेन । त्यसैले मैले पार्टी परित्याग गरेर नयाँ क्रान्तिको सुरुआत गरेको हो ।"

# अमेरिकी उपसहायक विदेशमन्त्री अख्तर नेपालमा

**रासस**
काठमाडौं, १४ फागुन

नेपाल, श्रीलङ्का, बङ्गलादेश, भूटान र माल्दिभ्सका लागि दक्षिण तथा मध्य एसियाली मामिला ब्यूरो हेर्ने संयुक्त राज्य अमेरिकाका उपसहायक विदेशमन्त्री अफरिन अख्तर सोमबार नेपाल भ्रमणमा आउनुभएको छ ।

भ्रमणका क्रममा उपसहायक विदेशमन्त्री अख्तरले नेपाली उच्च सरकारी अधिकारी, नागरिक समाजका प्रतिनिधि र अमेरिकन चेम्बर्स अफ कमर्स नेपालका सदस्यहरूसँग भेटघाट गर्नुहुने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । सो अवसरमा मन्त्री अख्तरले अमेरिका र नेपालबीचको द्विपक्षीय सम्बन्धले कसरी नेपालमा शिक्षा र स्वास्थ्य, मानवअधिकार, लोकतन्त्रको विकास तथा नेपालको पारस्परिक आर्थिक समृद्धिलाई अगाडि बढाउन सक्छ भन्ने विषयमा छलफल गर्नुहुने बताइएको छ ।

# रेडियो अन्नपूर्णले चैत १७ गते बृहत रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले आउँदो चैत १७ गते शनिवार बृहत रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ ।

रेडियोले सामाजिक उत्तरदायित्व अर्न्तगत यसबर्ष पनि चैतको तेश्रो शनिवार २२ औं बृहत खुल्ला रक्तदान कार्यक्रम आयोजना गर्ने भएको रेडियोका स्टेशन म्यानेजर संजयकुमार मल्लले जानकारी दिए ।

रक्तदान कार्यक्रमलाई सफल बनाउन विभिन्न समितिहरु समेत गठन गरिएको छ । सोमबार बसेको बैठकले राजाराम पौडेललाई संयोजक र कञ्चन थापालाई सहसंयोजककोजिम्मेवारीदिइएको छ । आरजु बिष्ट सल्यानीलाई प्रचारप्रसार र संघसस्था परिचालनको जिम्मेवारी दिइएको हो । त्यस्तै बजार ब्यवस्थापकको उपसमितिमा नारायाण पौडेल, आर्थिक ब्यबस्थापन संयोजकमा अगन्धर सुबेदीलाई तोकिएको छ । प्रमाणपत्र वितरण तथा रेकर्डमा सुरज थापा ,स्वागत तथा स्वयमसेवक ब्यबस्थापनमा शोभा नेपाल, र प्राविधिकमा अरबिन विक्रम राणालाई जिम्मेवारी दिइएको हो । रेडियोले २०५८ साल देखि नियमित रुपमा रक्तदान कार्यक्रम आयोजना गदै आइरहेको छ ।

# नारच्याङमा सशस्त्र प्रहरीको विपद् व्यवस्थापन एकाइ स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन 'बेस' (एकाइ) स्थापना भएको छ ।

प्रहरी निरीक्षकको नेतृत्वमा विपद् व्यवस्थापनसम्बन्धी तालिमप्राप्त २५ सशस्त्र प्रहरीको टोलीको एकाइ स्थापना भएको हो । बेनी-जोमसोम-कोरला राष्ट्रिय राजमार्गका साथै म्याग्दी, मुस्ताङ, बाग्लुङ, पर्वतमा विपद् को अवस्थामा खोज तथा उद्धार कार्यलाई छिटो बनाउने उद्देश्यले बेस राखिएको सशस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरका प्रहरी नायब उपरीक्षक श्यामकुमार पौडेलले जानकारी दिनुभयो ।

"दुर्घटना, बाढी पहिरो, नदीमा डुबेको, आगलागीजन्य विपद्को अवस्थामा खोज तथा उद्धारलाई प्रभावकारी बनाउन तालिमप्राप्त जनशक्तिको व्यवस्थापन गरेर एकाइ राखिएको हो", उहाँले भन्नुभयो, "पायक पर्ने र नजिकै तालिमप्राप्त जनशक्तिको टोली भएपछि खोज तथा उद्धार कार्य प्रभावकारी हुनेछ ।"

यसअघि म्याग्दी, मुस्ताङ, पर्वत र बागलुङमा खोज तथा उद्धारका लागि पोखरा र कुरिनटारबाट सशस्त्र प्रहरी बलको टोली बोलाउने गरिएको थियो । टाढाबाट टोली आउन ढिलाइ हुँदा खोज तथा उद्धार कार्यमा ढिलाइ हुने गरेको थियो । एकाइमा विपद् व्यवस्थापनसम्बन्धी तालिमप्राप्त जनशक्ति रहेका सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक फडिन्द्र गोलेले बताउनुभयो । स्रोतहरूका अन्तिम चरणमा रहेको बेनी-जोमसोम-कोरला सडकमा हुने दुर्घटना, कालीगण्डकी र आसपासका नदीमा डुबेर बेपत्ता हुने, भिरमा अड्किने, पदयात्रामा हराएकाको खोजी र हिमाल आरोहणका टोलीलाई पर्ने समस्या समाधानका लागि विपद् व्यवस्थापन बेस भएपछि सहज हुने अपेक्षा गरिएको छ ।

गत असोज महिनायता बेनी-जोमसोम सडकबाट मोटरसाइकलसहित भिरमा खसेका एक जना पर्यटक र कालीगण्डकीमा खसेर स्थानीय अर्का युवाका ज्यान गएको छ । नारच्याङमा जलविद्युत् आयोजनाले बनाएको भवनमा सशस्त्रको बेस राखिएको छ । अन्नपूर्ण गाउँपालिकाले भवनको व्यवस्थापन गरेको हो । सो भवनमा कोरोना महामारीको समयमा अस्थायी अस्पताल सञ्चालन भएको थियो ।

यसैबीच सशस्त्र प्रहरीले म्याग्दीमा समुदायस्तरमा खोज तथा उद्धारका लागि आधारभूत सीप हस्तान्तरण गर्न थालेको छ । छ स्थानीय तहबाट पाँच/पाँच जनालाई विपद् व्यवस्थापनसम्बन्धी आधारभूत तालिम दिन लागिएको प्रहरी नायब उपरीक्षक पौडेलले बताउनुभयो ।

यही फागुन १६ र १७ गते गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्रराज पाण्डेको उपस्थितिमा बेनीस्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानमा खोज तथा उद्धारको नमूना प्रदर्शनी गरिने उहाँले जानकारी गराउनुभयो ।

# अफ्रिकन स्वाइन फिबरबाट पशुलाई बचाउन उच्च सतर्कता

**रासस**
चितवन, १४ फागुन

बङ्गुरलाई अफ्रिकन स्वाइन फिबरबाट बचाउनका लागि उच्च सतर्कता अपनाउन किसानलाई आग्रह गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रले जिल्लामा बङ्गुर पाल्दै आएका कृषकलाई सो रोग लाग्न नदिन उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

कार्यालयका अधिकृत दीपचन्द्र घिमिरेका अनुसार जिल्लामा यो रोग फैलन नदिन नाकाहरुमा कडाइ गरिएको छ । प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको सङ्क्रमण रोग नियन्त्रण समितिले परिपत्र गरेर जिल्लाका कुनै पनि नाकाबाट बङ्गुर र सोसँग सम्बन्धित अन्य पदार्थ भित्रन नदिन निर्देशन गरेअनुसार सबै नाकामा कडाइका साथ जाँच गरिएको उहाँको भनाइ थियो । अधिकृत घिमिरेले भन्नुभयो, "अहिलेसम्म जिल्लामा यो रोग देखिएको छैन । उच्च सतर्कता अपनाउन सके बचाउन सकिन्छ ।" अहिले जिल्लाका केही फार्ममा क्लासिकल स्वाइन फिवर देखिए पनि अन्य रोग नदेखिएको र यो रोग भने निवारण गर्न सकिने उहाँले जानकारी दिनुभयो । इच्छाकामना गाउँपालिका र कालिका नगरपालिकाका केही फार्महरुमा क्लासिकल स्वाइन फिवरको सङ्क्रमण देखिएको छ । बङ्गुर पाल्ने कृषकसँगको छलफलमा यो रोगबाट बच्नका लागि बङ्गुरलाई खोरमा थुनेर पाल्ने, खोरमा अनावश्यक मानिसको आवतजावत रोक्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्नेजस्ता उपाय अपनाउन कार्यालयले आग्रह गरेको अधिकृत घिमिरेले बताउनुभयो । बाहिरको बथानबाट नयाँ बङ्गुर ल्याएमा सिधैँ फार्ममा रहेका बङ्गुरसँग नमिसाइ २१ दिनसम्म क्वारेन्टाइनमा राख्ने र रोग नदेखिएमा मात्र बथानमा मिसाउने, बङ्गुरको खोर तथा फार्म वरिपरि नियमित चुना, फिनेल, फर्मालिन, ब्लिचिङ पाउडर आदिले निःसङ्क्रमण गर्नुपर्ने हुन्छ । यो रोग फ्लु भाइरसका कारण लाग्ने भएकाले उच्च सतर्कता र निगरानी बढाउन किसानमा कार्यालयले अनुरोध गरेको हो । यो रोग नेपालमा पहिलो पटक विसं २०७९ जेठ २ गते पुष्टि भएको थियो । गत वर्ष जिल्लामा अफ्रिकन स्वाइन फिबरबाट ठूलो क्षति भएपछि अहिले सुरुवाती समयमै सावधान अपनाउन अनुरोध गरिएको हो । गत वर्ष यहाँका नौ वटा कृषि फार्मका बङ्गुर यस रोगबाट मरेका थिए । घरपालुवा सुँगुर, बँदेल, बङ्गुर प्रजातिमा अफ्रिकन स्वाइन फिवरको भाइरसले सङ्क्रमण गरेर गत वर्ष धेरै यस्ता पशुको मृत्यु भएको थियो । यो रोग सङ्क्रमित सुँगुर र बङ्गुरबीच प्रत्यक्ष सम्पर्कबाट, रोगी बङ्गुरको र्‍याल, मलमुत्र, रगत, मासु र लसपस भएको दानापानीबाट, त्यस्ता बिरामी बङ्गुरको ओसारपसार वा किनबेच गर्दा, सङ्क्रमण भएको खोरमा काम गर्ने कामदार वा सङ्क्रमण भएको खोरमा गएको मानिसले प्रयोग गरेको लुगाकपडा, जुत्ताचप्पल आदिको प्रयोगबाट पनि सर्ने गर्दछ । यो रोग लागेका बङ्गुरहरु एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा निला डाम देखापर्ने, कानका टुप्पामा रगत जमेका धब्बा देखिने, नाकबाट फिँज निकाल्ने, उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, कान, पुच्छर र पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, भोक्राउने, दानापानी खान छोड्ने, बान्ता गर्ने, छटपटाउने, धरमराउने र बच्चा तुहिनेजस्ता लक्षण देखा पर्दछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा मा चन्यान बाटो तथा नाला निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : चन्यान बाटो तथा नाला निर्माण
**उपभोक्ता समिति**: चन्यान बाटो तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
**योजना सम्झौता मिति**: २०८०/०९/१७ गते
**योजना सम्पन्न मिति** : २०८०/११/०१ गते
**महानगरपालिकाबाट** : रु. ९,००,०००/-
**उपभोक्ताबाट** : रु. १,००,३००/-
**जम्मा लागत** : रु. १०,००,४४८/४५

**हरी पौडेल**
अध्यक्ष
**चन्यान बाटो तथा नाला निर्माण उपभोक्ता समिति**
पोखरा-२५, कास्की

## पेन्सन पट्टा हराएको सूचना

**म भारतीय आर्मी रामप्रसाद गुरुङ 1/3 GR को पेन्सन पट्टा र डिस्चार्ज सर्टिफिकेट र नेपाली फाइल सहित छोराछोरीको जन्मा दर्ता, जेठी श्रीमतीको मृत्यु दर्ता लगायतको कागजपत्र रामबजार पेन्सन क्याम्पबाट घर जाने क्रममा हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

Name: Ram Prasad Gurung 1/3 GR
Army No. 5237959 RFN
**ठेगाना : बाटुलेचौर-१६, पोखरा**
**सम्पर्क नं.: ९८४५०४६३१३**

# क्याम्पसको स्तरवृद्धिका लागि धान्याञ्चलबाट १२ करोड सङ्कलन

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ फागुन

पछिल्लो समय गाउँ तथा सहरका समेत सामुदायिक क्याम्पस धरासायी अवस्थामा पुगेका छन् । विद्यार्थी र आर्थिक स्रोतको अभावमा सामुदायिक क्याम्पस सञ्चालनमा समस्या भइरहेको हो ।

समुदायमार्फत सञ्चालित क्याम्पसमा अहिले विद्यार्थी टिकाउनै मुस्किल छ । आधुनिक शिक्षाको आकर्षण, वैदेशिक रोजगारी र अध्ययनका लागि विद्यार्थी पलायन भइरहेका छन् । जिल्लाको गलकोटमा भने विद्यार्थीलाई गाउँकै क्याम्पसमा आकर्षित गर्न र क्याम्पसको अवस्था सुधार गर्न महायज्ञ गरिएको छ । सो महायज्ञबाट रु १२ करोड सङ्कलन गरिएको छ।

विसं २०६१ मा धान्याञ्चल महायज्ञ सञ्चालन गरेर स्थापना गरेको बागलुङको गलकोट बहुमुखी क्याम्पसलाई समयसापेक्ष स्तरवृद्धि गर्न फागुन ६ देखि १३ गतेसम्म धान्याञ्चल लगाएर रु १२ करोड सङ्कलन गरिएको हो। उन्नाइस वर्ष अगाडि धान्याञ्चल लगाएर रु एक करोड ७५ लाख सङ्कलन गरी स्थापना गरिएको गलकोट बहुमुखी क्याम्पसको भौतिक तथा शैक्षिक गुणस्तर बढाउन धान्याञ्चल लगाइएको गलकोट बहुमुखी क्याम्पसका प्रमुख मुकुन्दसिंह भण्डारीले बताउनुभयो । क्याम्पस स्थापना गर्दा धन्याञ्चलको रकमबाट जग्गा खरिद गरेर भवन निर्माणपछि क्याम्पस सञ्चालन गरिएको उहाँको भनाइ छ । उक्त रकम सकिएपछि आर्थिक अभावका कारण बन्द हुन थालेको क्याम्पसलाई विसं २०७३ देखि गलकोट नगरपालिकाले वार्षिक १० लाख उपलब्ध गराउँदै आएको क्याम्पस प्रमुख भण्डारी बताउनुहुन्छ । महायज्ञमा धेरै दाताहरुले भेटी चढाउनुका साथै मन फुकाएर सहयोग गरेको उहाँको भनाइ छ । महायज्ञबाट सङ्कलन भएको रकमले क्याम्पसको जग्गा व्यवस्थापन गरी संरचना निर्माण गरेर गरिब विपन्न विद्यार्थीलाई आवासीय सुविधा एवं विशेष छात्रवृत्तिको व्यवस्था गर्ने क्याम्पस प्रमुख भण्डारीले बताउनुभयो। "क्याम्पस सञ्चालनका लागि आर्थिक समस्या पर्‍यो, धान्याञ्चल महायज्ञ लगाएर सङ्कलन गरेको रकमले स्थापना गरेको क्याम्पस अहिले पुनःआर्थिक सङ्कटमा परेपछि विद्यार्थीको आकर्षण पनि कम हुँदै गयो, त्यसैले अहिले महायज्ञ सञ्चालन गरेर क्याम्पसलाई आर्थिकरुपमा मजबुद बनाउने र विद्यार्थी आकर्षित गर्ने गरी शिक्षालाई गुणस्तरीय बनाउने लक्ष्य छ" भण्डारीले भन्नुभयो ।

क्याम्पसमा हाल व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायमा अध्यापन भइरहेको छ । क्याम्पसलाई स्तरवृद्धि गरी बढ्दो विद्यार्थी पलायनलाई कम गर्न बिएससी एजी, बिआइटी, बिएचएम, बिबिए सहित स्नातकोत्तर अध्यापन गराउने लक्ष्यसहित शैक्षिक ज्ञान महायज्ञ आयोजना गरिएको गलकोट बहुमुखी क्याम्पस व्यवस्थापन समितिका सदस्य तथा गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो । उहाँले महायज्ञबाट रु २० करोड रकम सङ्कलन गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । अब क्याम्पसलाई प्रविधिमैत्री बनाउनुका साथै बाहिर गएर पढ्ने विद्यार्थी यहीँ आकर्षित गर्ने बताउनुभयो । हाल क्याम्पसमा दुई सय ९० विद्यार्थी अध्ययनरत छन् ।



धुलाम्य सडकः पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-६ मौरीबजार नजिक धुलाम्य सडकले यात्रुलाई सास्ती । मुग्लिन पोखरा सडक विस्तारका क्रममा कतिपय ठाउँमा अत्याधिक धुलो हुँदा यात्रा गर्ने यात्रु मर्कामा परेका छन् । तस्बिरः कृष्ण न्यौपाने/रासस

# सुनसान अन्नपूर्ण पदमार्गमा देखिन थाले पर्यटक

**रासस**
लमजुङ, १४ फागुन

चक्रीय अन्नपूर्ण पदमार्गमा यतिबेला पर्यटकको आगमन हुन थालेको छ। केही समयअघिसम्म सुनसान रहेको यस पदमार्गमा अहिले पर्यटकीय याम सुरु भएकाले पर्यटकको चहलपहल हुन थालेको हो । चिसो बढेसँगै करिब दुई महिनादेखि सुनसान रहेको यस पदमार्गमा यतिबेला दैनिक २५/३० जनाको हाराहारीमा विदेशी पर्यटक आउने गरेको मनाङको धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङले बताउनुभयो।

उहाँले विगतमा दैनिक पाँचभन्दा बढीसम्म पर्यटक आउने गरेकामा अब अब विस्तारै बढ्दै जाने अपेक्षा रहेको बताउनुभयो । चिसो मौसमका कारण पर्यटक नआउँदा सुनसान बन्दै गएको यस पदमार्गमा पर्यटक आउन थालेसँगै पर्यटन व्यवसाय चल्न थालेको उहाँको भनाइ थियो ।

चिसो छल्नका लागि मनाङवासी बाहिरी जिल्ला गए पनि उनीहरुसमेत विस्तारै आउने क्रममा छन् । मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन



व्यवसायी पञ्चबहादुर गुरुङले पर्यटकको आगमन ठप्प भएसँगै आफूहरु फुर्सदिलो बने पनि यतिबेला पर्यटक आगमन आउन थालेसँगै व्यस्त हुन थालेको बताउनुभयो।

पर्यटकको आगमन हुँदा धेरै थोरै भए पनि आम्दानी हुन थालेको छ। यस याममा पहिला इजरायली नागरिक सबैभन्दा बढी आउने गरे पनि यस वर्ष इजरायली र हमासबीचको युद्धका कारण इजरायली पर्यटक नदेखिएको उहाँले बताउनुभयो। पर्यटक बढ्दा दैनिक रु ६० हजारभन्दा बढी हाराहारीमा व्यापार हुँदै आएको उल्लेख गर्दै पर्यटन व्यवसायी गुरुङले मार्च ३ गतेदेखि अप्रिल अन्तिमसम्मै पर्यटकले उहाँको होटल बुकिङ गरिसकेका छन्। पर्यटन व्यवसायीहरू मेखबहादुर गुरुङ, खुसीराम गुरुङ, देवीजङ्ग गुरुङ, चेतबहादुर गुरुङ, बगबहादुर गुरुङ पूर्णबहादुर गुरुङ, राजमान गुरुङलगायत यस पदमार्ग आसपासमा सयौँ सङ्ख्यामा रहेका होटल व्यवसायीले अहिले काम पाउन थालेका छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङको चौतारा क्षेत्रका होटल व्यवसायमा समेत आम्दानी हुन थालेको छ।

यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच वटा जिल्ला जोडिएको छ । विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज तथा प्राकृतिक सुन्दरता हेर्न र मनाङबाट थोराङ भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै पोखरा जान अन्नपूर्ण पदमार्गमा आउँछन् । यहाँ आउने पर्यटक विशेष गरेर थोराङपास, लार्केपास, र कालापासका साथै विश्वकै अग्लो स्थानमा रहेको तिलिचो ताल अवलोकनका लागि आउने गरेको पाइन्छ।

त्यस्तै यस क्षेत्रमा पर्ने अग्लाअग्ला हिमशृङ्खला अन्नपूर्ण दोस्रो, तेस्रो र चौथोलगायत गङ्गापूर्ण, जुलु पिक, पिसाङ पिक, नीलगिरि र तिलिचो पिकजस्ता हिमाल नजिकैबाट अवलोकन गर्न पर्यटक आउने गरेको मनाङवासीले बताए । लमजुङ बेँसीसहरबाट सुरु भई अन्नपूर्ण पदमार्गको यात्रा धारापानी र मनाङहुँदै थोराङपास गरेर मुक्तिनाथ, जोमसोम, घोरेपानीबाट पोखरा पुगेर सम्पन्न हुन्छ।

पाँच हजार चार सय १६ मिटरको उचाइमा रहेको थोराङ भञ्ज्याङलाई पर्यटकहरूले पास गर्ने गर्दछन् । पदयात्राका सौखिनका पारखीका लागि यस पदमार्ग महत्वपूर्ण मानिन्छ । विगतमा १८ दिनसम्म यात्रा हुने यस पदमार्गको यात्रा भने सडक विस्तारले छोटिएसँगै व्यवसायमा समेत असर परे पनि पर्यटकको आगमनले व्यवसाय चल्दा आम्दानीको बाटो भइरहेको पर्यटन व्यवसायीहरूले बताए।

# ढोरपाटन जोड्ने सडक कालोपत्रे गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ फागुन

ग्रामीण क्षेत्र हुँदै नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन जोड्ने सडकको ट्र्याक खुलेको १४ वर्ष भयो । चार वर्ष अगाडिदेखि कालोपत्रेको काम थालिए पनि हालसम्म सम्पन्न हुन सकेको छैन । ट्र्याक खुलेको १० वर्षपछि विसं २०७६ सालदेखि उक्त सडक कालोपत्रे गर्न थालिएको थियो।

बहुवर्षे योजनाअनुसार चार वर्ष अगाडि सम्झौता गरे पनि कोभिड-१९ का कारण केही समय काम प्रभावित बनेको थियो। अहिले उक्त कामले तीव्रता पाएको छ । ढोरपाटन नगरपालिका-६ दोगाडी हुँदै गाडीखोला-चामिद्वारा-छेन्तुङ ढोरपाटन सडक राष्ट्रिय प्रथामिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकको विकल्पको रुपमा लिइन्छ। दूरदराजका गाउँ छिचोल्दै ढोरपाटन पुग्ने उक्त सडक सिकार आरक्ष कार्यालयको अवरोधका कारण ढोरपाटन उपत्यका जोड्न सकिएको छैन । हाल दोगाडीदेखि खानी गाउँसम्मको १० किलोमिटर सडक कालोपत्रे गर्दै आएको छ । गण्डकी प्रदेश सरकारले विनियोजन गरेको बजेटले सडक कालोपत्रे हुँदै आएको हो। रु २५ करोड २६ लाखमा सम्झौता भएर काम हुँदै आएको पूर्वाधार विकास कार्यालय बागलुङका इन्जिनियर प्रकाश श्रीसले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा प्रदेश सरकारले रु तीन करोड मात्र विनियोजन गरेको भन्दै बजेट थप नभए यस वर्ष पनि कालोपत्रेले पूर्णता पाउन नसक्ने उहाँको भनाइ छ । हालसम्म करिब ९० प्रतिशत कालोपत्रेको काम सकिएको उहाँले जानकारी दिनुभयो। चालु आवमा सडक कालोपत्रेका मसिरदेखि सुरु भएको जनाउँदै जिम्मा पाएको निर्माण कम्पनीले निरन्तर काम गरी रहेको उहाँले बताउनुभयो। बजेट थप भए यस वर्ष कालोपत्रे सक्ने गरी काम भएको उहाँको भनाइ छ। काम पूरा गर्न अझै थप रु चार करोड बजेट आवश्यकता रहेको छ । गत वर्ष करिब रु छ करोडको काम भएको उहाँले बताउनुभयो । "यो सडक कालोपत्रेका लागि २०७६ कात्तिक २९ गते सम्झौता भएको थियो, बहुवर्षे योजनाअन्तर्गत रहेको सडकको काम केही समय कोरोना महामारीले समस्या बनायो, गत वर्षसम्म बजेट अनुसारको काम भएको छ, यस वर्ष सक्ने लक्ष्य हो, सरकारले बजेट थप गर्‍यो भने सकिन्छ", इन्जिनियर श्रीसले भन्नुभयो, "यस वर्ष बजेट विनियोजन भए अनुसार तीव्र गतिमा काम भएको छ, दोगाडीदेखि खानी गाउँसम्मको दश किलोमिटर सडक कालोपत्रे हुनुपर्ने हो ।" यस सडक ढोरपाटन नगरपालिकाको वडा नम्बर ६ हुँदै वडा नम्बर ९ ढोरपाटन जोडिएको छ। भौगोलिक विकटताका कारण यातायातको पहुँचभन्दा बाहिर रहेका नागरिकले यस सडकले जोडेको छ । यस सडकमार्फत ढोरपाटन पुग्नसमेत सहज र छिटो हुने ढोरपाटन-६ का अध्यक्ष उमेश बुढा मगरले बताउनुभयो । करिब चौध वर्षपछि कालोपत्रेले पूर्णता पाउन थालेको जनाउँदै यसले यस क्षेत्रका नागरिकसँगै ढोरपाटन पुग्ने पर्यटकलाई सहज बनाउने उहाँको भनाइ छ । ढोरपाटन जोड्न छ किलोमिटर बाँकी रहेको उहाँले जानकारी दिनुभयो । ढोरपाटन सिकार आरक्ष कार्यालयले विभिन्न कारण देखाएर अवरोध पुर्‍याउँदा हालसम्म सडक जोडिन नसकेको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "सडक कालोपत्रे हुन थालेपछि यहाँका नागरिक खुसी भएका छन्, यो सडकले जोडिएको सबैभन्दा टाढाको गाउँ खानी गाउँ हो, त्यहाँबाट ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङ बजार आउन दुई घन्टा बढी लाग्छ, यो कालोपत्रे भई सक्यो भने एक घण्टामै पुगिन्छ, ढोरपाटन जोड्नलाई धेरै प्रयास गरियो तर आरक्षले गर्दा जोड्न सकिएको छैन, ढोरपाटन पुग्ने मुख्य सडकको दूरावस्था छ, यो बाटोको धेरै भाग कालोपत्रे हुन लागि सक्यो, यो सडक हुँदो ढोरपाटन पुग्न छिटो र सहज हुन्छ।"

# गौशालामा सीमित भए रैथाने गाई

**रासस**
म्याग्दी, १४ फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका-७ ताकमका इन्द्रलाल पौडेलका गोठमा २५ वर्षअघिसम्म ४२ वटा गाईगोरु थिए । "हिजोआज धार्मिक कार्यका लागि आवश्यकपर्ने गाईको दूध र गहुँत नपाइने अवस्था आयो", उहाँले भन्नुभयो, "गाई देखिनै छाडे, गोरु पनि पाउन मुस्किल भयो ।"

पौडेलका अनुसार ३५० घरधुरी भएको ताकम गाउँमा अहिले दुई घरमा मात्र गाई छन् । पूजाआजा र धार्मिक कार्यका लागि दूध तथा गहुँतका लागि गाईका साहूलाई पहिले नै भन्नुपर्छ । धवलागिरि गाउँपालिका-७ काफलडाडाका नेत्रप्रसाद पुन गाईको गोठ लिएर लेकबेंसी गर्न छाडेको १५ वर्ष भयो । "थोरै दूध दिने १० वटा गाई पाल्नुभन्दा धेरै दूध दिने एउटै भैंसी पाल्दा सजिलो छ", उहाँले भन्नुभयो, "खनजोत गर्ने मिनिटेलर हलो भित्रिएपछि गोरुको पनि महत्व घट्यो । गाई पाल्ने चलनै हरायो ।"

**बिदेशिए गोठाला, हराए गोठ**

ताकममा मात्र नभएर हिजोआज पहाडका गाउँघरमा रैथाने जातका गाई भेट्टाउन मुस्किल पर्न थालेको छ। धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेका रैथाने गाईगोरु दुर्लभ हुन थालेका छन् । उत्पादनको लागत घटाउन र आम्दानी बढाउन उन्नत जातको व्यावसायिक पशुपालन उपयुक्त हो । उन्नत जात र व्यावसायिकतासँगै रैथाने जातका पशुको संरक्षणमा ध्यान पुगेको देखिँदैन । बढी दूध दिने उन्नत र वर्णशङ्कर जातको गाई र भैंसी पाल्ने तथा खेतबारी खनजोतका लागि ट्र्याक्टर र मिनिटेलर हलोको बढ्दो प्रयोगसँगै स्थानीय जातका गाई र गोरु पाल्ने चलन हराएको धवलागिरि गाउँपालिका-३ मुनाका ७६ वर्षीय गङ्गबहादुर पहरे पुनले बताउनुभयो । "खेतबारीमा मल बनाउन, 'गोरस' (दूध, दही, मही र घ्यु), धार्मिक कार्य र गोरुका लागि घरैपिच्छे गाई पालेर लेकबेंसी गरिन्थ्यो," उहाँले भन्नुभयो "कामको खोजीमा विदेश जाने क्रमसँगै गाउँमा गोठ बस्ने मान्छे पाइन छाडे । ट्र्याक्टर भित्रिएपछि गोरु नचाहिने भएकाले गाई पाल्ने चलन भनै घट्यो ।"

पहिले हरेक घरको एउटा गोठ हुने गरेकामा पछिल्लो समय गाईगोरु पाल्ने चलन घटेकाले एउटा टोलभरिको गाईबस्तु लिएर एक जना गोठमा जाने गरेका छन् । बर्खामा हिमालको फेदीका बुकी खर्कमा पुग्ने गोठ हिउँदमा बेशीका फाँटमा झर्छन् । पशुका लागि पोषिलो घाँस पाइने हिमाली चरन क्षेत्रलाई बुकी र गाईबस्तुको गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ।

**ट्याक्टर र यान्त्रिक हलोले गोरु विस्थापित**

दुई दशकअघिसम्म स्याङ्जा, पर्वत, कास्की, बाग्लुङका कृषक खेतबारी जात्ने गोरु किन्न म्याग्दीको धवलागिरि गाउँपालिका जाने गर्दथे । होचा र साना शरीर हुने पहाडी जातका गोरु बलिया, पाल्न सजिलो र १५/२० वर्षसम्म जोत्नका लागि प्रयोग गर्न सकिन्छ। भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका नायव पशु सेवा प्राविधिक गणेश रिजाल भन्नुहुन्छ, "मिनिटेलर र ट्र्याक्टर भित्रिएपछि स्थानीय जातका गाईको सङ्ख्या घटेको छ", उहाँले भन्नुभयो, "सरकारले पनि बढी दूध दिने गाईभैँसीमा जोड दिएकाले वर्णशंकर र उन्नत जातको गाई बढ्ने र स्थानीय जातका घटेको देखिन्छ।" उहाँका अनुसार जिल्लामा हाल २० हजारको संख्यामा गाई पालिएका छन्। फरक फरक जातका गाईको गणना र तथ्याङ्क छैन।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको अभिलेखअनुसार नेपालमा आठ प्रजातिका गाई छन् । म्याग्दीलगायत जिल्लामा पालिने गाईका जातलाई पहाडी भनिन्छ । पहाडी गाईहरु भुटान, सिक्किम र दार्जीलिङबाट नेपालमा भित्रिएका हुन् । २०० देखि ३०० केजीसम्म तौल हुने पहाडी गाईको रङ कालो, रातो, फुस्रो र टाटेपाटे हुन्छ। यी गाईले एक बेतमा १५०-२०० लिटरसम्म दूध दिन्छन् । पहाडी गाईको दूध पोषिलो र स्वास्थ्यकर मानिन्छ। याक, नाक र चौरी, लुलु, होलिस्टेन फ्रिजन, ब्रोन स्विस र शाही वाल नेपालमा पालिने गाईका अन्य जात हुन्।

**रैथाने गाईको दूधमा औषधीय गुण**

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र म्याग्दीका कविराज निरीक्षक प्रेमप्रसाद गौतमले मानिस र गाईको दूधमा पाइने क्यारोटिन तत्व आँखा र मस्तिष्कका लागि महत्वपूर्ण हुने बताउनुभयो । "गाईको दूध सेवन गर्दा स्वास्थ्यलाई धेरै किसिमको फाइदा गर्ने र रोग लाग्नबाट बचाउने विभिन्न वैज्ञानिक अध्ययनहरुबाट पहिचान भएको तथ्य हो", उहाँले भन्नुभयो, "गाईबाट प्राप्त हुने पञ्चतत्व दूध, दही, घ्यू, गोबर र गहुँतको धार्मिक महत्वसँगै आयुर्वेद र चिकित्साशास्त्रमा समेत उपयोगी मान्ने गरिएको छ ।" नेपालको संविधानको धारा ९ (३) मा गाईलाई राष्ट्रिय जनावर उल्लेख गरिएको छ । कानुनले नेपालमा गौवध गर्न प्रतिबन्ध लगाएको छ। गाईलाई समाजमा संरक्षणको हेतुले हेर्ने दृष्टिकोण उदार बन्न नसकेको बेनी नगरपालिका-१ मा रहेको श्रीलक्ष्मीहरी मन्दिरका महन्थ हिमालय बाबाले बताउनुभयो । "गाईलाई धर्म र संस्कृतिसँग मात्र जोडेर बुझ्नु हुँदैन," उहाँले भन्नुभयो "जैविक विशेषता बोकेका वैदिक गाईको नस्ल देशको जैविक सम्पत्ती पनि हो । यसलाई बचाउन राज्य र समाजले चासो दिनुपर्छ।" स्थानीय गाईको गोबर, गहुँत खेतीबारीमा मात्र होइन, औषधीय कार्यमा पनि उपयोग हुने हिमालय बाबाको भनाइ छ।

हिन्दू धर्मावलम्बीहरुका लागि गाई जन्मदेखि मृत्युसम्म नै अति आवश्यक जनावर मानिन्छ। हिन्दू धर्मावलम्बीहरुले लक्ष्मीका रूपमा गाईलाई पूजा गर्छन् । गाईको सेवाबाट ऋषि, महर्षि, राजर्षिहरुले शक्ति र सौभाग्य प्राप्त गरेको प्रसङ्गहरु पुराणमा उल्लेख छ । गाईको गोबर घर लिपपोतमा प्रयोग गर्ने चलन छ। बिकारयुक्त किटानु नष्ट गर्ने शक्ति हुने भएकाले घर लिपपोतमा गाईको गोबर प्रयोग गरिएको बुढापाका बताउँछन्।

**गाई संरक्षणमा जलजला गाउँपालिका**

पर्वतको जलजला गाउँपालिकाले गण्डकी प्रदेशको धवलागिरी क्षेत्रमै पहिलोपटक स्थानीय जातका गाईको संरक्षण अभियान थालेको छ । स्थानीय जातका गाई र हलगोरु पाल्ने कृषकलाई अनुदान दिने व्यवस्था मिलाएको जलजलाले वडा नं ७ धाइरीङको लालुङमा रहेको गण्डकी गोपाल गौशालालाई व्यवस्थित बनाउन काम थालेको हो।

सङ्घीय सरकारको साझेदारीमा गौशाला निर्माण शुरु गरेको गाउँपालिकाले स्थानीय जातका गाईगोरु पाल्ने कृषकलाई अनुदान दिन रु. आठ लाख विनियोजन गरेको अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । "धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व वोकेका स्थानीय जातका गाई र गोरु पाल्ने कृषकलाई अनुदान दिएर संरक्षणको पहल थालेको हो," उहाँले भन्नुभयो "आधुनिक र व्यावसायिक पशुपालन तथा कृषिलाई प्रवर्द्धनका साथसाथै स्थानीय जातका पशुको आनुवांशिक स्रोत संरक्षण गर्न गाईगोरु पाल्ने कृषकलाई अनुदान दिने कार्यक्रम ल्याएका हौ ।" चालु आर्थिक वर्ष २०७९/८० मा ४०० वटा गाईगोरु पालेका कृषकले रु. चार लाख अनुदान पाएका थिए ।